Sarcouncil Journal of Humanities and Cultural Studies
ISSN(Online): 2945-3658
Volume- 04| Issue- 02| 2025

Review Article

Received: 12-02-2025 | Accepted: 11-003-2025 | Published: 08-03-2025

# गौरीमा आप्लावित अश्रुधार

उप प्रा.डा. **कलावती रूपाखेती**
नेपाली विभाग, त्रि-चन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, काठमाडौं, नेपाल
Email: kalasharma013@gmail.com

***अध्ययनसार:*** *'गौरी' शोककाव्यमा आल्पावित अश्रुधारलाई निरूपण गर्ने सिलसिलामा कवि माधवप्रसाद घिमिरे (१९७६-२०७७) को सामान्य परिचय दिइएको छ । अलग-अलग शीर्षक राखी विषय परिचयमा विषयवस्तु खुलाउन 'गौरी' शोककाव्यको वर्ण्य विषयलाई सामान्य चिनारीका रूपमा प्रस्तुत गरिएको छ । शोककाव्यको सामान्य परिचय दिई त्यसका उपकरणको सामान्य चर्चा गर्दै एउटा विधुर पुरुषको मनोभावनाको सटीक चर्चा गरिएको छ । प्राज्ञिक समस्याका रूपमा 'गौरी' शोककाव्यमा कस्तो प्रकारको शोकको प्रयोग गरिएको छ भन्ने समस्या राखी 'गौरी' शोककाव्यमा प्रयुक्त असामान्य मनोलदशाको विशिष्ट पक्षको निरूपण गर्ने उद्देश्य किटान गरी विश्लेषण गरिएको छ । यस प्रलेखमा सैद्धान्तिक पर्याधारका रूपमा शोकपरक भावनाको प्रयोग गरिउको छ । यस अघि भए गरिएका पूर्वकार्यको सामान्य चर्चा गरी विश्लेषणीय पक्षलाई अँगाल्दै उक्त शोककाव्यमा प्रयुक्त काव्यात्मक पक्षको प्रयोग गरी वियोगान्त काव्य हो भन्ने निष्कर्षमा पुगिएको छ ।*

**शब्द कुञ्जी :** औदार्य, चातुर्य, दृष्टान्त, विधुर, सद्गुणी

## १. विषय परिचय

'गौरी' शोककाव्य २००४ साल आषाढमा शान्ति र कान्तिका आमा गौरीको २२ वर्षको कलकलाउँदो उमेरमा देहान्त भएपछि लेखिएको काव्य हो । यस काव्यमा कवि मानसिकतामा उद्वेलित शोकपरक भावपुञ्जलाई कलात्मक भाषामा सजाएर सार्वजनकिरण गरिएको छ । अब गौरी कवि पत्नी नभई सारा नेपाली मनका हृदयमा अवस्थित शोकानुभूतिको ज्वलन्त उदाहरण बनेको छ । गौरीमा विगलित मानसिकताका सेरोफेरोमा यस काव्यको चर्चा गर्नु यस प्रलेखको उद्देश्य भएकाले विषयवस्तुलाई सामान्यतः विश्लेषणको दायरामा ल्याएर त्यसको चर्चा गर्नु परम उद्देश्य रहेको छ । गौरी शोक काव्य हो । यो सबैले स्वीकार गरेको कुरा हो । गौरी कवि पत्नी हुन्, यो सर्वविदित छ । कलकलाउँदो र भरभराउँदो बाइस वर्षको उमेरमा देहान्त भयो । यो शोककाव्य १२ उपशीर्षकमा संरचित एवम् ३३ पृष्ठमा समेटिएको छ । कविले पहिलो पृष्ठमा के लेख्नु मैले पऱ्यो भन्दै हरियाली आच्छादित कान्तिपुरका कलात्मक सन्झ्यालको गरिमा र महत्वलाई यहाँ उल्लेख गरी आँसुमा कलम चिप्लिएको भावाभिव्यञ्जनालाई कलात्मक पाराले सजाएर राखेका छन् । धर्ती सुन्दर थियो, सगरका तारा उज्याला थिए, प्रीति सुन्दर थियो भन्दै कवि आफ्ना अक्षर लेखिदे वनचरी वैशाखका पातमा भन्दै वियोगी कवि अश्रुधारा बहाएर शोकपरक भावमा आफ्ना वियोगी क्षणलाई आँसुका लहरमा बगाउन चाहन्छन् । मनोविज्ञानका अवधारणा अनुसार कसैको वियोगलाई आँसु झारेर बिलौना पोखेको तन-मन हलुका हुन्छ भन्ने अवधारणा प्रक्षेपण गरेको पाइन्छ । कविले स्व-रचनालाई पत्नीलाई सुनाउने गरेका र उनका बारेमा लेखिएको शोककाव्य सुन्न नआउने

Copyright © 2022 The Author(s): This work is licensed under a Creative Commons Attribution- NonCommercial-NoDerivatives 4.0 (CC BY-NC-ND 4.0) International License



*Corresponding Author: उप प्रा.डा. **कलावती रूपाखेती**

DOI- https://doi.org/10.5281/zenodo.15839067

भावाभिव्यञ्जना प्रस्तुत गरेका छन् । मेरै साथमा बसेर हाँसिरहने हंसमुख गौरी शान्ति र कान्तिका आमा भए पनि सफलकी साझा कहानी बनेको विचार प्रस्तुत गरेका छन् । ईश्वरीय दुष्टतालाई कलात्मक पाराले उल्लेख गर्दै आफ्नो जीवनका सबै कुरा इतिश्री भएको कारुणिक भाव पोखिएको छ । अगुल्टो निभेपछि आगो बल्दैन भनेझैं कवि किन गाली गरे हुँला भनी पछुताउने काम गरेका छन्, गुण-बैगुन सबैको हुन्छ । कवि पत्नी पनि सर्वगुण सम्पन्नताका स्रोत थिईन् भन्दै समाजको भाव एकातिर भएको र आफू चिसा परेला लिएर बाँच्नु परेको बाध्यात्मकतालाई भावमय तरङ्गमा सजाएर आफ्नो भन्ने थियो त्यही गएपछि संसार खाली भएको भावाभिव्यञ्जना कविले गरेका छन् । शिरको सिन्दुरसहित गौरी स्वर्गमा गइन् भन्ने लोकोक्ति पनि यहाँ उल्लेख गरिएको छ । तिनै गौरीका विषयमा यो काव्य लेखिएकाले मर्त्यलोकमा अमर भएको भावाभिव्यञ्जना यहाँ प्रस्तुत गरिएको छ । विगतका घाउ जति कोट्याएर पनि शोकले विगलित कवि हृदय शोकात्मकताको संस्फुरण गराउँन्छन् ।

स्वच्छन्दतावादी कविहरू सेनानी भावलाई कलात्मक पाराले सजाएर आफ्नो काव्यात्मक छटालाई सुमधुर शैलीमा प्रस्तुत गर्दछन् । यहाँ कवि घिमिरे असारको सिमसिमे पानीमा झिमझिम ज्योति बाल्ने जुनकीरीहरू ओस्याइला फाँटमा उडेका र बादलको शैल शिखरमा गौरी तारा बनेर उदाएको भावाभिव्यञ्जना प्रस्तुत गर्दछन् । कवि रातको निरवतालाई शान्तिको रूपमा लिन्छन् र शिवत्वको छायाँ घुसेको अभिव्यञ्जना प्रस्तुत गर्दछन् । मसानको निरवता र एकान्त स्थल एउटा बटुवा साथी छुटेकाले रोइरहेको विचार पोख्दै बटुवाका रूपमा कवि स्वयं र साथीका रूपमा मृत्युवरण गरेकी पत्नीलाई सगौरव प्रस्तुत गरिएको छ । बिहानीपख बटुवाहरु आ-आफ्नो बाटो लाग्छन् । यस भूमितलमा अनेक खलबली हुन्छ । धारामा जल लिन गएका युवतीहरू हाँस्छन्, तर तिमी हाँसखेल, ठट्टा केही गर्दिनौ भन्ने शोकपरक भाव यहाँ प्रस्तुत गरिएको छ । यहाँ गौरीलाई मुख्य विषयका रूपमा उभ्याएर उनको चरित्र गाथा प्रस्तुत गरिएको छ । कवि नेपाली संस्कारमा मृतकका लागि प्रयोग गरिने शब्दहरू जस्तै कात्रो, टिलो, बुर्की, मुर्दानी भन्नु परेकोमा बिलखबन्दमा परेको भाव पोख्न पुग्दछन् । आषाढको रातमा यत्रो लोक यहाँ हुँदा हुँदै तिमी एक्लै गयौं भाव दुःखद अभिव्यञ्जनाको अभिव्यक्ति यहाँ प्रस्तुत गरिएको छ । यौटा सत्यकथामा कविले दौंतर मिलेको जोडीको कहानी प्रस्तुत गरेका छन् । छायाक्षेत्र हिमालमा मर्स्याङ्दी तटमा सानो संसार भएको तर जागिर खाने सिलसिलामा कान्तिपुर आएर डेरा बसेको खुलासा गरेका छन् । त्यहाँ दुःख, कष्ट र वेदना भए पनि मनमा शान्ति थियो । उनी राम्री थिइन्, आँखा उज्याला थिए । उनी लज्जावती भए पनि व्यवहार निपुण थिइन् । उनी हरिया पहाडमा फर्किन चाहन्छिन् । तीन वर्षसम्म लगाएर माइत नगएकाले छोरी भेट्न आमा स्वयं आइन् । तीन वर्षसम्म  लगाएर माइत नगएकाले छोरी भेट्न आमा स्वयं आइन् । उनले तीज-तिहार, भाइ, बहिनी, पहाडको छहारी सम्झिएर प्रितमका लागि पानी भएर आमाका साथ गए पनि भोलिपल्ट उनी कान्तिपुरमा फर्किएन् । उनीहरू मिठो, पिठो जे जस्तो जुर्छ, त्यस्तै खाएर आनन्दका दिन बिताएको संस्मरण कविले यहाँ प्रस्तुत गरेका छन् । नारीलाई घर र माइतको सेतु मानिन्छ । माइतका सबै कुरा भुलेर घर-गृहस्थी चलाउनु, प्रकृतिको नियम पालन गरी सृष्टि चक्र पूरा गराउनु नारीको दायित्व हो । त्यसैले गौरीले माइतका लीला भुलेर घरधन्दा गर्दै आमाको ममता भुलेर पराइसित ममता राख्नु र छातीबाट झिकेर प्राणसरिका सन्तान दिने काम गरेको पाइन्छ । यहाँ कविले मृत्युवरण गरेकी गौरीका अवस्थालाई सटीक पाराले चित्रण गरेका छन् । गौरीले शान्ति र कान्तिलाई टुहुरी पारेर र कविलाई विधुर बनाएर निष्ठुरी कराल कालको फन्दामा परिन् । उनले माइतका ममता भुलेर परपुरुषलाई माया गर्छन् र छातीबाट झिकेर सन्तान उत्पादन गर्छन् । गौरी (नारी) को मृत्यु पश्चात् छोरा-छोरी, माइत र पति सबैलाई चटक्क भुलेर ब्रह्मलीन हुन्छिन् भन्ने भावोक्ति यहाँ कविले सम्प्रेषण गरेका छन् । मृत्युवरणका समयमा अन्त्यकालमा केमा धोको अडेको थियो भनी सोधनी नगरेकोमा कविलाई पश्चाताप लागेको छ । दीन दुःखी बनेर घाटमा टुलुटुलु आँखा हेरेको अभिव्यञ्जना कविले गराएका छन् । तत्क्षण आँखा रसिला पारेकी दीनहीन गौरीको अवस्था दयनीय थियो । उनको वाक्य फुटेन तापनि दिलको भाषा व्यञ्जित गरेको भावोक्ति यहाँ सम्प्रेषण गरिएको छ । यहाँ कविले श्रीकृष्णको कीर्तन गराइएको अध्यात्मवादी विचार सम्प्रेषण गरेका छन् । मृत्युवरण गरेकी गौरीका चितामा तीन अञ्जुली जल

Copyright © 2022 The Author(s): This work is licensed under a Creative Commons Attribution- NonCommercial-NoDerivatives 4.0 (CC BY-NC-ND 4.0) International License

**Publisher: SARC Publisher**

चढाएको अभिव्यञ्जना कविले गरेका छन् । छाया-छवि डुब्यो, रङ्गिन जीवन डुब्यो भन्दै कविले महाशून्यमा डुबेको भावाभिव्यञ्जना प्रस्तुत गरेका छन् ।

गौरीलाई स्मशासघाटमा लगेर खाग पारिएपछि घर फर्किएका र आमाले बाल्यकालमा टुहुरो पारिएका कवि घिमिरे अब यो दुःख कस्का लागि उठाउनु, भनी प्रश्न गर्दछन् । उनी छातीमा प्रतिमा लिएर बाँचुँ वा मरुँ भनी दोधारमा परेको भावाभिव्यञ्जना प्रस्तुत गरेका छन् । पन्छी पनि वन शैलबाट बचरा सम्झिएर गुडमा फर्कन्छन् तर गौरी नफर्किएको विचार प्रस्तुत गर्दै हिंड्दै छौ कि बस्यौ कतै भन्दै मानसिक रूपमा विचलित भएको भावाभिव्यञ्जना संप्रेषण गरेको पाइन्छ । कवि शोक परक भावाभिव्यत्तजना गराउँदा पनि रूमानी प्रवृत्तिलाई कलात्मक पाराले सिंगार्न पछि पर्दैनन् । उनले प्रकृतिको सूरम्य पाराले चित्रण गर्दै नेपाली हरिया पहाड, वन, पाखा, घाम-छायाहरूलाई चित्रण गर्दै सन्तान मोहको अभिव्यञ्जना प्रस्तुत गरेका छन् । उनी सृष्टिचक्रका विपरीत कालै नआओस् भनी आफ्नो शोकानुभूतिलाई व्यञ्जित गराउँछन् । गौरीको मृत्युपश्चात् शोकले बिगलित माधव घिमिरे हर्ष, शोक, मान, ममता, आनन्द सबै एउटै भएका र एकै प्राण भएकाले दुई सन्तान भएको भौतिक यथार्थता व्यक्त गर्दछन् । गौरीका मृत्युपश्चात् सारा सुख, सुविधा, माया-मोह ममता, माधुर्य गएकाले एक्लो जीवन जिउन विवश भएको विचार व्यक्त गर्दछन् । कवि गौरीको मायामा बिगलित भएका छन् । उनले गौरीका सम्झनामा अश्रुधारा बगाएका छन् । आफन्तको मृत्युमा बिगलित भएर अजस्र अश्रुधारा बग्ने तथा पराइमा त्यसो नहुने विचार सघन रूपमा सम्प्रेषण गरेका छन् । कवि गइदिनेका सम्झनालाई बिर्साउने औषधी भैदिए, त्यसलाई रोएर प्यूने विचार व्यक्त गर्दछन् । कवि आत्म सन्तोषका लागि काव्यात्मक भाव सम्चेतनालाई कलात्मक माधुरीले सिंगार्दै शोकानुभूतिलाई मूलाधार बनाएर अश्रुधारा बगाउँछन् । कवि पत्नि गौरीको २२ वर्षे कलिलो उमे्मा स्वर्गवास भयो । कवि विधुर भए भने शान्ति र कान्ति टुहुरा भए । यस लोकमा एक्लै अल्पिनु सृष्टिको चलन हो ।यस लोकमा तिम्रो दश धारा दूध पिउने छोरी दुबै बाँकी भएको र माया पाउने पति पनि बाँकी भएको सुविचार यहाँ प्रकट गरिएको छ । असार विरही कविका लागि विरह र दारुण भएर दोहोरिन्छ । असारमा पानी बर्सिएर किसानको रोपाइँ हुने मास हो भने कविले पत्नी गुमाएर बिरही भाव पोखेको महिना पनि हो । एकातिर हर्षगर्भित मानसिकताको उद्वेलन हुन्छ भने अर्कातिर कविको विरहमिश्रित अश्रुधार प्रवाहित हुने दुःखद महिना पनि हो । शान्ति र कान्ति खेल्दै आएर खाट नजिकै बस्दा गौरीका आँखा रसाएका थिए । उनले बिस्तारै शिर मुसारिन् । उनले गहका बिन्दू खसालेर आशिक दिइन् । यो विछोड र विरहको भाव अभिव्यञ्जित भएको शोक काव्य हो । यस काव्यमा गौरीको विरह वेदनाले अभिसिञ्चित भाव तरङ्गलाई कवि कौशलताका साथ व्यक्त गरिएको छ । अन्त्यमा यिनको लालन-पालनमा कमी नगर्ने प्रतिबद्धता व्यक्त गर्दै केही जाने आफू पनि मरिगए यिनको लालनû-पालन गर भन्ने अभिव्यञ्जना यहाँ प्रस्तुत गरिएको छ ।

## २. विश्लेषणको आधार

प्रस्तुत लेखमा नेपाली साहित्यका ख्यातिप्राप्त कवि माधवप्रसाद घिमिरेद्वारा विरचित गौरी शोकाव्यको विषयवस्तुलाई आधार मानी शोकपरक भावलाई छनोट गरिएको छ । यस काव्यमा शोकले आप्लावित कवि घिमिरेको काव्यच्छटालाई मूलाधार शोकको पराकाष्टासम्म पुगिएको छ ।

## ३. 'गौरी' शोककाव्यको विधातात्विक विश्लेषण

### (क) विषयवस्तु

गौरी माधवप्रसाद घिमिरेको पत्नीको नाउँ हो । गौरीको २००४ साल आषाढमा बाईस वर्षको उमेरमा शान्ति र कान्तिलाई टुहुरो पारेर अनि पति माधवप्रसाद घिमिरेलाई विधुर पारेर स्वर्गवास भयो । खाउँ खाउँ र लाउँ लाउँको वयमा देहान्त भएकाले कवि घिमिरेले त्यस शोकका घडीमा आफूलाई ढाढस दिन र स्वर्गवासी पत्नीको स्मरणमा लेखिएको यस शोककाव्यमा माधव घिमिरेको अजस्र अश्रुपात भएको छ । उनको यही घोर निराशाका दिनमा टुहुरा छोरीहरू र आफूलाई आँसुले धोएर मनलाई शान्त पार्ने हेतु , यस काव्यले यो कलेवर पाएको हो । यसै सिलसिलामा कवि घिमिरे आँसुको मोल यसरी तय गर्छन् :

यो दुःखान्त सुनेर गहमा आँसु लिई भाग हो

फेरी जीवन पाइँदैन, प्रियको सामू क्षमा माग हो



Copyright © 2022 The Author(s): This work is licensed under a Creative Commons Attribution- NonCommercial-NoDerivatives 4.0 (CC BY-NC-ND 4.0) International License

**Publisher: SARC Publisher**

(घिमिरे, आँसुको मोल)

यो शोककाव्य २००४ सालमा गौरीको देहान्त भएपछि शोकले विगलित मानसिकतालाई सान्त्वना दिन र उनको जीवनीलाई सार्थक तुल्याउन लेखिएको हो । चार सालमा लेखिएको यो काव्य २०१५ सालमा सार्वजनीकरण भएको हो । सर्वाधिक लोकप्रिय भएको यस काव्यको मूल विषय पत्नी वियोगको कथा र व्यथा अनि विरह वेदनाको पराकाष्ठा हो । यसमा कवि घिमिरेको अश्रुपातको अभिव्यञ्जना भएको छ । यो काव्य करुण रसमा शाईल विक्रीडित छन्दमा लेखिएको छ । यस काव्यको सुरुवात के लेख्नु मैले पर्‍यो मैले भनी विष्मय भाव प्रकट गरिएको छ । यस काव्यमा कवि घिमिरे निकै क्लान्त बनेको आभास पाइन्छ, यो स्पच्छन्दतावादी भावमा लेखिएको काव्य हो । यस काव्यको आरम्भ प्रकृतिको रम्य चित्रणबाट गरिएको छ । यस काव्यमा कवि घिमिरे धर्ती हरियो थियो र सगरमा तारा उज्याला थिए भनी सुखद भविष्यतिर सङ्केत गरिए तापनि पत्नी वियोगको व्यथालाई चित्रण गरेको पाइन्छ । यो कृति खासमा कवि घिमिरेको आँसुले ओतप्रोत भएको छ । आँसुको मोल अनमोल हुन्छ । यस अनमोल आँसुलाई आषाढको झरीले लत्पत पारेर भिजाएको छ । त्यसैले कवि घिमिरे काव्यको आरम्भमा नै आँसुको मोलका सम्बन्धमा यस प्रकारको भावोद्‌गार प्रकट गर्दछन् :

छाया आज पर्‍यो, छिप्यो छवि कहाँ, के देख्नु मैले पर्‍यो

आसुँमा अब चिप्लियो कलम यो, के लेख्नु मैले पर्‍यो ।

(गौरी पृ. १)

यहाँ शोकलाई मूलाधार बनाएर हिजोसम्म साथै भएकी गौरीका छाया छवि कहाँ गयो, के देख्नु पर्‍यो भनी आँसुको अजस्र वेगवती धारामा कलम चिप्लिएको भावाभिव्यञ्जना यहाँ प्रकट गर्दछन् । यस पत्रमा गौरीका छाया छवि परेको छ । त्यसलाई झलझली देखे पनि यो पत्रमा टाँसिन्न भन्दै विरह वेदनाको अभिव्यञ्जना प्रस्तुत गरेका छन् । त्यस प्रकारको रुवाइलाई कसैले सुन्दैन भनी कविले बिलौना गरेका छन् । उनी वनचरीलाई वैशाखका पातमा मेरा अक्षर लेखिदे भनी रुमानी भावज्वार प्रकट गरेका छन् । गौरीको हसमुख स्वभावको झलझली सम्झना गर्दै उनी खरानी बनेकी र शान्ति र कान्ति अनि सकलको कहानी बनेको भाव सञ्चेतना यहाँ मुखरित भएको छ । ईश्वरको निष्ठुरीपना प्रति कविले बिलौना गरेका छन् । जीवन नै इतिश्री भएको प्रति कविले भावसञ्चेतना व्यक्त गरिएको छ । कवि कहिले काहीं ठाकुठुक् भएर गाली गरेको प्रति पछुताएका छन् र त्यस प्रकारको वातावरणलाई कसरी गुण कथा लेखेर पो के भयो भन्न पुगेका छन् । संसारको विचित्रताप्रति कविले सङ्केत गर्दै दुनिया आनन्दी भउको तर आफू चाहिँ चिसा परेलामुनि बस्नु परेको दुखेसो पोखेका छन् । यो दुःखद कहानी हो । पति पत्नीको सम्बन्ध भनेको नङ र मासुको जस्तै हो । पत्नी वियोगले छटपटाएका कवि यसरी बिलौना गर्दछन् :

यौटा मानिस जो गयो-हृदयको सर्वस्व मेरो गयो

यौटा पुस्तक लेखियो-हृदयको रुन्चे कुरा देखियो

साँचो जीवन त्यो गुमाई, कसरी झुत्रे कथा यो भनूँ

वैरीलाई समेत लेख्न नपरोस् यस्तो अरू के भनूँ ¤

(गौरी पृ. २)

आत्मीय जुनको पीडाको अनुभूति यहाँ कविले निःशब्द रूपमा प्रस्तुत गरेको पाइन्छ । त्यसैले कवि भन्छन् । एउटा मानिस हृदयको । आत्मीय जाँदा उनले सर्वस्व गएको अनुभूत गरेका छन् । त्यसै पीडाजन्य अनुभूतिको अभिव्यक्तिका रूपमा पुस्तक लेखियो । पीडाजन्य अनुभूतिलाई कवि घिमिरेले रुन्चे भावनाको अभिव्यञ्जना मानेका छन् । त्यस प्रकारको अभिव्यञ्जनालाई साँचो जीवन गुमाएको र झुठो कथाका रूपमा लिंदै यस प्रकारको विरहोन्मुख अभिव्यञ्जना वैरीलाई पनि नपरोस् भन्ने भावानुभूति पोखेका छन् । लोकले सिन्दुरसहित गौरी स्वर्गमा गइन भन्छन् त्यस्तै यो काव्य पनि मर्त्यलोकमा अमर बन्दछ भन्न पुग्दछन् । कवि लोकले जे भने पनि हृदयका सम्झनामा आमर भएको अनुभूति पोखेका छन् । यस काव्यमा कविको शोकपरक करुण रस प्रवाहित भएको छ । यस्ता शोकमूलक कारुणिक भावलाई जति कोट्याए पनि त्यो हृदयका खड्कने र आँसुको लहर व्यक्तिने अभिव्यक्ति कविले दिएका छन् । माधव घिमिरे स्वच्छन्दतावादी भावसञ्चेतनाका कवि भएकाले शोकमूलक यस काव्यमा पनि रुमानी भाव तरङ्गलाई काव्यात्मक छटाका रूपमा उल्लेख गर्दछन् । आषढको मध्य रातमा पानी सिमसिम परिरहेको छ । ताराका साथै जुनकीरी देखा परेका छन् । बादल फाटेर झैं शिखरमा तारा उदाए तापनि पवित्र विष्णुमती तटमा मेरी (गौरी)



Copyright © 2022 The Author(s): This work is licensed under a Creative Commons Attribution- NonCommercial-NoDerivatives 4.0 (CC BY-NC-ND 4.0) International License

**Publisher: SARC Publisher**

निदाइन भनी गौरीमा आशक्त कवि घिमिरे दुखेसो पोख्न अग्रसर हुन्छन् । रातको चकमन्नतामा एक प्रकारको शान्ति छ । सास रोकेर मसानघाटमा शिव अर्थात् कल्याणको छाया बसेको छ । पवित्र विष्णुमती रातमा बिलौना गरी सुसाउँछिन् । त्यसै समयमा एउटा बटुवा ( कवि घिमिरे) साथी छुटेकोमा रोइरहेको छ । मानिसहरू अहिले अमङ्गल भयो भन्दछन् । त्यस प्रकारको कालो निशीमा मुख छिपाएर रुन देओ भन्दै शोक मनाउन कवि उद्धत हुन्छन् । कवि जे नहोस् भन्थे त्यही भयो । त्यसैले कवि सँगिनी छैनन् कि संसार नै छैन भनी आफ्नो रागम्य भावलाई प्रकट गराउँछन् । गौरीले अब उज्यालो दिन नहेर्ने र  कविले सँगिनी नभएको दिन हेर्नु पऱ्यो । कवि लोक सँस्कृति र परम्परालाई यसरी चित्रण गर्दछन् :

तिम्रो अन्तिम शिंगार सँगिनी ‘कात्रो’ कसोरी भनूँ

तिम्रो निम्ति दिइन्छ पात्र जुन त्यो ‘टीलो’ कसोरी भनूँ

गाली होइन, किन्तु भन्नु कसरी यो ‘बुर्की’ भनी

‘मुदार्नी’ कसरी भनू, जुन तिमी मेरी थियौं जीक्री

(गौरी पृ. ६)

कविले लोक संस्कृति अनुसार ‘कात्रो’ ‘टिलो’ ‘बुर्की’ तथा ‘मुर्दार्नी’ जस्ता शब्दको प्रयोग गरेको पाइन्छ । यत्रो लोक यहाँ छ, तिमी एक्लै घाटमा गयौ भनी कविले बिलौना गरेका छन् । त्यस्तै आषढको रातमा अन्धकार बीचमा आँखा चिम्लियौ अब चुचुरा हेर्न गौरी नआउने अभिव्यञ्जना कविका लेखनीयबाट निःसृत भएको छ ।

दुई प्रेमी थिए सुन्दर मिल्दो दौतर थियो, पाँच वर्षका अन्तर थियो । हिमालको काखमा किन्नर किन्नरी झैं माया थियो । मर्स्याङ्दी तटमा हिमालमुनि सानो संसार थियो, यहाँ बाहुबलले मानो उब्जाईकन खान पुग्थ्यो । उनी गौरीका साथ कान्तिपुरमा डेरा लिएर बसेका थिए । दुःख, कष्ट र वेदना जे जस्तो भए पनि यो जोडी कान्तीपुरको डेरा जीवन व्यतित गर्दै थियो । गौरी सुन्दरी थिइन् । उनले आमा र बाबुलाई बिर्सिएर बसे पनि माइत जान सकेकी थिइनन् । छोरीलाई भेट्न भनेर आमा स्वयम् कानितपुरमा आइन् । उनी आमाका साथ गएपनि फर्किएर आइन् । तिनै गौरीको अन्त्येष्टीको अनुभूति कविले यसरी गरेका छन्:

हेर्नु विष्णुमती पुगेर बटुक¤ कालो त्यहीं बालुवा

लप्कावाल बल्यो चितानल, जलिन् पाहाडकी पालुवा

चोलो त्यो जलमा मिल्यो, गगनमा ज्वाला मिल्यो मुलल

पोखी आँसु पखालिंदैन कहिल्यै मेरो डढेलो दील

(गौरी पृ. ९)

गौरीको मृत देह जलाइएको विष्णुमतीको तटमा कालो बालुवा भएको यथार्थता यहाँ कविले व्यञ्जित गरेका छन् । त्यही किनारमा चितानल लप्कावाल भएर बल्यो र पहाडकी पालुवा (गौरी) त्यहीँ जल्यो, त्यसपछि उनको चोला त्यहीको जलमा मिसियो । त्यहाँ पोखिएको आँसु कहिल्यै पखालिंदैन । कवि गुणग्राही भएर गौरीको प्रशंसामूलक अभिव्यञ्जना प्रस्तुत गर्दै आफ्नो अन्तर मनको अभिव्यञ्जना यसरी पोख्छन्:

लीला माइतका भुलेर घरका धन्दा तिमीले गऱ्यौ

आमाको ममता भुलेर कसरी माया मलाई गऱ्यौ

छातीबाट झिकेर प्राणसरिका छोरी मलाई दियौ

हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ

(गौरी पृ. १०)

नारीलाई घर र माइतको सेतु भनिन्छ । बाल्यकाल हाँसी खेली बिताएको जन्म घरलाई चटक्क भुलेर कर्म घरमा जानु र त्यहाँ सृष्टिको उपक्रम पूरा गराउनु नारीको कर्तव्य भनिनछ । त्यसैले गौरीले पनि माइतको लीला भुलेर घरका धन्दा गरिन् । आमाको ममता भुलेर पतिलाई माया गरिन् । त्यही मायाका फलस्वरूप छोरी जन्माइन । आखिर अल्प वयमा यस संसार त्यागेर ब्रह्मलीन भइन् । त्यसपछि उनले छोरी-घर-पति र समग्रमा यस लोकसित नाता टुटाइन । उनको स्वर्गारोहणले कविलाई विरह वेदनाले व्याकुल पारेको छ । उनी अन्त्यकाल केमा धोको अडेको थियो र प्राण जान कति बाधा परेको मात्र उनले टुलुटुलु दीन मुखमा हेरेको अभिव्यञ्जना प्रस्तुत गरेका छन् । उनको दीन कान्ति यहाँ सहज पाराले चित्रण गरिएको छ । मानव मृत देह जलिसकेपछि तीन अञ्जुली जल अर्पण गर्ने हिन्दू परम्परा वा संस्कारलाई कविले प्रस्तुत गरेका छन् ।

कविले गौरीलाई लच्छिनकी जहान ¤ भनी खुलेर आत्म प्रशंसा गरेका छन् । उनी गौरीबिहीन कोठामा पस्न हच्किएका छन् । उनी हृदयकी आधार भएकीले शोक गर्न

Copyright © 2022 The Author(s): This work is licensed under a Creative Commons Attribution- NonCommercial-NoDerivatives 4.0 (CC BY-NC-ND 4.0) International License



**Publisher: SARC Publisher**

दच्किएका छन् । उनी भर्खरै बोलिरहेकी थिइन् । उनलाई छैनौ भन्न पनि सक्दैनन् । उनी त हृदयमा खेलिरहेकी छन् । उनको अभावमा घरमा बत्ती पनि बल्दैन र बत्तीनेर भरिलो मुहार पननि देखा पर्दैन । उनी गौरीको गुणग्रहयको अभिव्यक्ति दिँदै गौरीको प्रशंसा व्यक्त गर्दछन् । गौरीका अभावमा बिलखबन्दमा परेका कविको आत्म–कहानीको चिर अभिव्यक्ति यहाँ प्रकट भएको पाइन्छ ।

## २. पात्र वा चरित्र चित्रण

'गौरी' शोककाव्यमा घटनालाई विकसित गरी फलागमसम्म पुऱ्याउन गौरीको चरित्र चित्रण गरिएको छ । प्रत्याहारमा कवि माधव घिमिरेको मनोदशालाई यहाँ चित्रण गरिएको पाइन्छ र टुहुरी छोरीहरू शान्ति र कान्तिलाई सूक्ष्मताका चित्रण गरिएको छ ।

### गौरी

गौरी माधव घिमिरेकी पत्नीको नाम हो । उनको २२ वर्षको उमेरमा २००४ साल आषाढमा स्वर्गवास भएको थियो । कवि घिमिरेले पत्नी वियोगमा परेर घोर निराशाका दिनमा यो शोक काव्यको रचना गरेका हुन् । २२ वर्षे कलकलाउँदो उमेरमा २७ वर्षीय पति माधव घिमिरेलाई विधुर बनाएर अनि स-सानी छोरीहरू शान्ति र कान्तिलाई टुहुरो पारेर अकालमा देहान्त भएकी गौरी पारिवारिक रूपमा मात्र होइन सामाजिक रूपमा साँच्चीकै गौरी थिइन् । गौरीको दु:खान्त कथा सुनेर पाठकका नयन आप्लावित हुन्छन् । प्रियको जीवन फेरि पाइँदैन भन्ने अभिव्यक्ति कविले दिएर क्षमा मागेका छन् । यो शोककाव्य हो, शोकका दशालाई कविले मनोवैज्ञानिकहरूका अवधारणामा दु:खद क्षणलाई शान्त पार्न निर्धक्क रुनुपर्छ भन्ने रहेको छ । यो काव्य त्यसै रुवाश्तको अभिव्यञ्जना यहाँ अभिव्यञ्जित भएको छ । कवि विरह र वेदनाले ओतप्रोत भएका छन् । त्यही विरह र वेदनालाई कलात्मक भाषामा सजाएका छन् । धर्ती हरियो थियो, सगरका तारा उज्याला थिए । त्यही वातावरणमा प्रीति बसेको जोडी कान्तिपुरमा रमाइलैसित बसेको थियो । त्यही हरियालीपूर्ण वातावरणमा कवि पत्नी गौरीको देहान्त भयो । उनले गौरीको छाया छविलाई पुन: ताजगी गर्नका लागि यस काव्यको रचना गरेका थिए । कविका नयन अश्रुपातले आप्लावित भएका छन्, त्यसैले उनको कलम चिप्लिएको छ मन अधिर बनेको र मनोदशा बिगलित भएको छ । कवि मृत पत्नी गौरीको यादगार झलझली गर्दछन् । नगरुन् पनि कसरी दुई सन्तानकी आमा ममताकी खानी कुशल गृहिणी गौरीको शोकमा कवि चुर्लम्म भिजेका छन् । कवि गौरीको बिलौना लेख्न सक्दैनन् । त्यसैले उनी वनचरीलाई विरहको गाथा लेखिदिन आग्रह गर्दछन् । एकान्तका रातमा गोल सिमललाई विरह-वेदनाको भाव पोखिदिन आग्रह गर्दछन् । गौरी कविका साथ बसेर हाँसिरहन्थिइन्, उनको बैंसालु देह विष्णुमती तटमा पुऱ्याएर खरानी बनाइयो । अब शान्ति र कान्तिकी आमा नबनेर सकल मानवताकी कहानी बनेकी छन् । कवि बिलखबन्दमा परेका छन् र आफैंले रचेको सृष्टिलाई च्यातिदिएकोमा ईश्वरको निष्ठुरीपनप्रति आक्रोश पोखेका छन् । त्यसैले कवि भन्छन् :

आफैं ईश्वरले रचेर कसरी त्यो चित्र च्यातिदियो

के थालूँ अब लेख्न जीवन जहाँ देखिन् इतिश्री भयो

(गौरी पृ. १)

जब आफन्तको देहान्त हुनछ, तब मानवीय भावनामा ठेस लाग्छ । त्यसैले माधव घिमिरे पत्नी वियोगमा छट्पटाउँछन् । उनले आफ्नो जीवन नै समाप्त भएको महशुस गरेका छन् । एउटै परिवारमा रहेपछि ठाकठुक भनाभन जे पनि गरिन्छ, त्यसैले कवि गौरीको विगत सम्झिएर त्यो दिन मैले त्यसो किन गरें भनेर आत्माग्लानीले बिगलित भएका छन् । अब चिसा परेला पारेर बस्नु सिवाय दोस्रो उपाय नभएकाले कवि भन्छन् :

यौटा मानिस जो गयो-हृदयको सर्वस्व मेरो गयो

यौटा पुस्तक लेखियो-हृदयको रुन्चे कुना देखियो

(गौरी पृ. २)

चखेवा-चखेवीका रूपमा घर, परिवार र समाज त्यागेर आफ्नो घरजम बसालेका जोइपोइको एकको अवसान भएमा बँचेको निराश्रमी हुनु सहज मानिन्छ । त्यसैले कवि पत्नी गौरीको अवसान हुँदा आफ्नो सर्वस्व भएको अभिव्यञ्जना गर्दछन् र आफूलाई कुना पसेर रोइरहेको व्यञ्जना गराउँछन् । कवि यस्तो अवस्था वैरीलाई पनि नपरोस् भन्दै आफूलाई वज्रपात परेको दु:खेसो गर्दैछन् । गौरी सौभाग्यवती भएकीले शिरको सिन्दुरसहित स्वर्ग गइन । त्यस्तै उनी यस लोकमा अमर भइन् उनको अमरताको गाथा अझै ताजा छ । शैल शिखरमा तारा उदाउँदा विष्णुमती पवित्र तटमा गौरी चिरकालका लागि

Copyright © 2022 The Author(s): This work is licensed under a Creative Commons Attribution- NonCommercial-NoDerivatives 4.0 (CC BY-NC-ND 4.0) International License

**Publisher: SARC Publisher**

निदाइन्, आषाढको मौसममा सिमसिम पानी परिरहेको थियो । रातका निरवतामा रोइरहेको छ । अर्थात् कवि घिमिरे शोकसन्तप्त व्याकुल हृदय लिएर रोइरहेका थिए । गौरीको मृत देहलाई मसानघाट लगिएको थियो । मसानघाटमा शिवको छाया बसेको थियो । गङ्गा नाना बिलौना गरेर बिलौना गर्छिन् । त्यही बेला एउटा बटुवा साथी छुटेकोमा रोइरहेको थिए । यो अमङ्गलको घडी हो । यस प्रकारको दुर्दान्त घटना वैरीलाई पनि नपरोस् भन्ने कामना कविले गरेका छन् । गौरीको अन्त्य भएको छ । चराचर बिहानीबनि उफ्रेर चलायमान् हुन्छ तर गौरी चल्दिनन्, भूमितलमा खलबल मच्चिएको छ तर गौरी बोल्दिन्, धारामा जल लिन गएका युवतीहरू हाँस्छन् गौरी हास्दिनन् । यसरी गौरी र लोकका बीच तात्विक अन्तर देखिन्छ । कवि जीवन सकिएको अभिव्यञ्जना गराउँदै गौरीका शोकमा डुबेका छन् । कवि जीवन संगिनीलाई मुर्दार्नी कसरी भनी आफ्नो अपार माया, ममतालाई व्यक्त गर्न सक्दैनन् । यी दुइटा सुन्दर जोडीलाई विधाताले खोसेर लग्यो । त्यो दौंतर मिल्दो जोडी थियो । मायाप्रीति चाहिँ कपोतको जोडी समान थियो । मर्स्याङ्दी तटमा हिमालमुनि सानो संसार थियो । त्यही सानो संसारमा रमेरमाएको यो जोडी कामको सिलसिला कान्तिपुरमा आई बस्यो । तिनको संसार आफ्नै थियो, दुःख थियो तापनि त्यसमा स्वीकार आफ्नै थियो, आनन्दले अमरावती सहरमा दिन बितेको थियो । उनले सुन्दरी गौरीलाई तिमी राम्री छ्यौ र लज्जावती समानको लज्जालु थिइन् । उनी माइत नगएकोले आमा भेट्न आइन् । उनी आमाका साथ गए पनि भोलिपल्ट फर्किएर आइन् । उनले माइतका लीला भुलेर दुई सन्तानको जन्म दिइन् । दम्पतिका बीच मृत्युका कुरा चल्दा म नै हजुरका काखमा मरौँ भन्दथिइन् । त्यसैले उनले आफ्नो वचनबद्धतालाई शिरोधार्थ गरी संसारबाट बिदा लिइन् ।

कवि गुणग्राही बनेर गौरीको सम्झना गरेका छन् । उनले साँझको बत्ती बाल्ने, सन्तोषले जीवन यापन गर्ने गर्दछिन् । उनले कविको मान बचाउन आफू नजाती बन्दथिइन् । आफू दुःखमा रहेर पनि पतिलाई सुखमा राखेकी थिइन् । अब गौरीको मृत्यु पश्चात् साँचो कसले लिन्छ, अब खाँचोमुचोले खर्च कसले टार्छ, अब मेरो इज्जत उघ्रियो भन्दै कविले गौरीको गुणग्राहिताको प्रशंसा गरेका छन् ।

### ३. परिवेश

गौरीको मृत्यपश्चात् बिगलित मानसिकतालाई मूलाधार बनाएर सृजित ‘गौरी’ शोककाव्यमा कवि घिमिरेको मनोदशा व्यञ्जित भएको छ । यस काव्यमा गौरीको गुणग्राह्यता तथा कविको मनोदशा र प्राकृतिक सेरोफेरोलाई चित्ताकर्षक पाराले चित्रण गरिएको छ । उमेरदार पत्नीको मृत्युले सृजना गरेको मनोवैज्ञानिक असरका उपादेयतामा यस काव्यको रचना गरिएको छ । बाईस वर्षे कलकलाउँदो र भरभराउँदो अवस्थामा मृत्यु वरण गर्न पुगेकी गौरी दुई सन्तानकी आमा पनि हुन् । यस काव्यमा पश्चिम नेपालको मर्स्याङ्दी नदीको सेरोफेरो, आषढ महिनाको सिमसिमे झरी तथा विष्णुमती नदीको पवित्र तटमा गौरीको चिता बनाइएको, विविध प्राकृतिक वातावरणलाई बाह्य प्रकृतिका रूपमा चित्रण गरिएको छ । अध्यात्मवादी रूपमा शिव र भजनकीर्तनका रूपमा श्रीकृष्णको उपासना गरिएको प्रसङ्गले अध्यात्मवादी परिप्रेक्ष्यलाई व्यक्त गरेको छ । यस काव्यको मूल आधेय भनेको कवि घिमिरेको मनोदशा नै मूल रूपमा रहेको छ । कवि घिमिरे पत्नी वियोगी विधुर बनेका छन् र आफ्नो मानसिक शोक दशालाई पराकाष्ठामा पुऱ्याएर बिगलित मनोदशालाई सचित्र वर्णन गरेका छन् ।

यो शोक काव्य हो । शोक काव्यमा उत्साह, उमङ्ग र हर्षोल्लासका केही पनि हुँदैन । त्यसैले कविले निराशाको भाव पोखेका छन् । उनी छैनन्, उनको अभावमा केही पनि छैन । कविको भविष्य अन्धकारमा रुमलिएको छ र टुहुरा छोरीहरूको भविष्य पनि अन्धकारमय देखिन्छ ।

चिता बनाएर लास जलाउने परम्पराको थालनी निग्रेटोबाट सिकेका हुन् । त्यसैले हिन्दू परम्परामा घाटमा लगेर लास जलाउने परम्परा बसालेको पाइन्छ । यस परिवेशलाई कवि घिमिरेले पनि यस काव्यमा प्रयोग गरेका छन् । लास जलाइसकेपछि उक्त स्थानमा तीन अञ्जुलि जल चढाउने संस्कारलाई यस काव्यमा परिवेशका रूपमा कविले चित्रण गरेका छन् । यो शोकपरक अभिव्यञ्जना मुखरित भएको शोककाव्य हो ।

### ४. भाषाशैली

यस शोककाव्यमा शोकको प्राधान्य रहेको छ । शोकमूलक भावलाई कलाकारिताले सजाएर स्वतः बोधगम्य बनाइएको छ । भाषा नै अभिव्यक्तिको माध्यम र सन्देशमूलक देखिनछ । भाषा अभिव्यक्तिको माध्यम

Copyright © 2022 The Author(s): This work is licensed under a Creative Commons Attribution- NonCommercial-NoDerivatives 4.0 (CC BY-NC-ND 4.0) International License

**Publisher: SARC Publisher**

भएकाले यस काव्यमा सरल, सरस र प्रवाहशील भाषाको प्रयोग गरेको भेटिन्छ । काव्यको उठानदेखि बैठानसम्मको क्रमिक विकासमा कविले शोकलाई मूलाधार बनाएर शोकको अन्तरानुभूतिलाई कलात्मक पाराले सजाएका छन् । यो करुणद्रवित भाव प्रकट भएको कारुणिक शोक काव्य हो । कविले आफ्नो अनुभूतिलाई अन्तरङ्गमा सजाएका छन् र पत्नी वियोगको कारुणिक व्यथालाई सुन्दर सुललित एवम् बोधगम्य भाषामा यस काव्यको रचना गरेका छन् । भाषा अभिव्यक्तिमो माध्यम हो भने शैली त्यसको प्रस्तुतीकरणको ढाँचा हो । यस काव्यमा कविले अन्तरमनको कथा, व्यथा र मनोवेगलाई सुन्दरपाराले सजाएर शोकको प्रस्तुतीकरण गरी सार्वजनिक गरेको पाइन्छ । यो शार्दूल विक्रीडित छन्दमा लेखिएको शोक काव्य हो । यसमा शोकको प्रवाहमय गतिशीलता मुखरित भएको छ । विविध बिम्ब र प्रतकिले सजाएर शोकको अनुभूतिलाई चिरकालीन बनाउने काम कविले गरेका छन् । यस काव्यमा प्रकृतिबाट टिपिएको छिटपुट बिम्बका साथै मनोबिम्बलाई काव्यको मूलाधार बनाइएको छ । काव्यमा प्रयुक्त रोचक शैलीका कारण काव्य बोधगमय मात्र नभई अत्यन्त संवेदनशील एवम् हृदयस्पर्शी बनेको छ । यदाकदा केही जटिला शब्दको प्रयोग गरिए तापनि काव्यमा रोचक शैलीको प्रयोग गरी हृदयसंवेद्य बनाउने बनाउने काम कविले गरेका छन् । यस काव्यमा शोकमूलक सन्देश प्रवाह गरी मनोबिम्बलाई सजाएर पत्नी प्रेमलाई शसक्त रूपमा प्रस्तुत गरिएको छ र यो काव्यमा शोकको अश्रुधार प्रवाहित भएको छ ।

## ५. मूलभाव

'गौरी' शोक काव्य हो । गौरीको देहान्त बाईर वर्षको उमेरमा २००४ साल आषाढमा भयो । उनको मृत्युले बिगलित माधव घिमिरेले गौरीको शोकलाई काव्यातमक रूपमा सार्वजनीकरण गरेको पाइन्छ । गौरीका बिछोडमा बिगलित कविले शोकमा आँसु बगाएका छन् । यो करुण रसमा संरचित काव्य हो । शोकले कसलाई बिगलित बनाउँदैन र, कविलाई पनि शोकसन्तप्त बनाएर अश्रुधार बगाउन विवश र बाध्य पारेको छ । शोक नै यस काव्यको मूलभाव हो । शोकका घडीमा कविले चित्त शान्त पार्न यस काव्यको रचना गरेको बुझिन्छ । शोकलाई मूलाधार बनाएर पत्नी वियोगको कथा व्यवस्थालाई कविले आत्मतुष्टि गरेका छन् । कवि पत्नि गौरीको २२ वर्षको कलकलाउँदो र भरभराउँदो उमेरमा शान्ति र कान्ति दुई छोरीलाई टुहुरो पारेर देहान्त भएको यस दःखद घडीमा विधुर बनेका कवि घिमिरेले आत्मतुष्टि गर्दै यो काव्यको रचना गरेको बुझिन्छ । ग्रामीण इलाका लमजुङको पुस्तुन बाहुन डाँडाबाट कान्तिपुरमा आएर कपोत दम्पत्ति जस्तै माया प्रेम बाँधेर जीविका चलाउँदै आएको अवस्थामा गौरीको देहान्त भयो । यहाँ कविले असारको सिमसिमे पानीमा विष्णुमतीको पवित्र तटमा गौरीको चिता बनाएको प्रसङ्ग र उनको देह खरानी भएको दुःखद कहानी प्रस्तुत गरेका छन् । शोकका दुःखद घडीमा चित्त शान्त पार्न यस काव्यको रचना गरी मनोदशालाई स्थिर एवम् ताजगी गरेको बुझिन्छ । यस प्रकारको दुःखद घटना वैरीलाई पनि नपरोस् भन्ने कामना कविले गरेका छन् र शान्तिलाई आमा मानव गई भन्न लगाएर झुट बोलेका छन्। यस शोककाव्यमा भावको छरपस्टता यत्रतत्र देखिन्छ । यस काव्यको मूलभाव भनेको शोक हो ।

## ६. निष्कर्ष

'गौरी' शोक काव्य माधव घिमिरेकी पहिलो पत्नी गौरीको २२ वर्षको कलकलाउँदो र भरभराउँदो उमेरमा २००४ साल आषाढमा छोरीहरू शान्ति र कान्तिलाई टुहुरो र कवि माधव घिमिरेलाई विधुर पारेर देहान्त भयो । यस दुःखद घडीमा कविले पत्नी पीडालाई मनोवैज्ञानिक रूपमा चित्त शान्त पार्न खोजेको आभास महसूस गरिन्छ । २७ वर्षका उमेरमा विधुर भएका कवि घिमिरेले मानसिक तुष्टि र छोरहिरूलाई सन्तुष्टि पर्ने यस काव्यको रचना गरेको देखिन्छ । यो काव्य २०१५ सालमा पहिलो पटक सार्वजनिक भएको हो । यस काव्यमा मर्स्याङ्दी निकट बाहुन डाँडाबाट कान्तिपुरमा आएर बसेको, जीवन सुखद नै भएको र दुई सन्तान जन्मिएको दौतर मिल्दो जोडी भएको उल्लेख कविले गरेका छन्, कविले गौरीको मृत्यु के कारणले भयो यसको खोलुवा गरेका छैनन् । केवल आषाढको सिमसिमे पानीमा गौरीको मृत देह पवित्र विष्णुमती तटमा विसर्जन गरिएको घटना उल्लेख गरेका छन् । यो दुःखान्त घटनामा आधारित शोक काव्य हो । यस प्रकारको दुःखद घटना वैरीलाई पनि नपरोसु भन्ने कामना कविले गरेका छन् ।

## सन्दर्भ सामग्री

Copyright © 2022 The Author(s): This work is licensed under a Creative Commons Attribution- NonCommercial-NoDerivatives 4.0 (CC BY-NC-ND 4.0) International License

**Publisher: SARC Publisher**

गौतम, नारायण प्रसाद (२०६१), नेपाली खण्डकाव्य सिद्धान्त र विवेचना काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

घिमिरे, माधव (२०४९), गौरी (तेह्रौँ संस्क.) ललितपुर : साझा प्रकाशन ।

ढुङ्गाना, लावण्य र दाहाल घनश्याम (२०५७), खण्डकाव्य-सिद्धान्त र नेपाली खण्डकाव्य काठमाडौँ : भुँडीपुराण प्रकाशन

निरौला, लेखप्रसाद (२०६६), राष्ट्रकवि घिमिरेको खण्डकाव्यकारिता काठमाडौँ : सनराइज पब्लिकेसन्स प्रा.लि ।

ने. रा. प्र. प्र. (२०३०), नेपाली खण्डकाव्य र काव्यांश सङ्ग्रह काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, भानुभक्त (२०३९), माधव घिमिरेका विशिष्ट खण्डकाव्य विराटनगर : श्याम पुस्तक भण्डार ।

Copyright © 2022 The Author(s): This work is licensed under a Creative Commons Attribution- NonCommercial-NoDerivatives 4.0 (CC BY-NC-ND 4.0) International License



**Publisher: SARC Publisher**